आदमको सन्तानले मलाई झुठो ठहर्याउछ, जबकि उसलाई त्यसो भन्ने अधिकार छैन । उसले मेरो अपमान गर्छ, जबकि उसलाई त्यसो भन्ने अधिकार थिएन

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: "अल्लाहले भन्नुभयो: आदमको सन्तानले मलाई झुठो ठहर्याउछ, जबकि उसलाई त्यसो भन्ने अधिकार छैन । उसले मेरो अपमान गर्छ, जबकि उसलाई त्यसो भन्ने अधिकार थिएन । उसले मलाई झुठो भनेको : अल्लाहले मलाई पहिलो पटक सृष्टि गरे जसतै पुनः सृष्टि गर्नुहुने छैन, जबकि दोस्रो पटक सिर्जना गर्नु पहिलो पटक सिर्जना गर्नु भन्दा सजिलो
छ । उसले मलाई अपमान गर्नु : अल्लाहले एउटा छोरा जन्माएको छ भन्नु हो, जबकि म एक हुँ र निरपेक्ष हुँ, न मैले कसैबाट जन्म लिएको छु, न कोही मबाट जन्मेको छ र मेरो बराबर कोही
पनि छैन ।”
[सही] [बुखारीले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) हदीस कुद्सीमा बयान गर्नुहुन्छ, अल्लाहले मुश्रिक (बहुदेववादी) हरू र काफिरहरूको बारेमा बताउनुभयो, उनीहरूले उहाँलाई इन्कार गर्छन्, कमि र दोषहरूले चित्रण गर्छन्, जबकि तिनीहरूले त्यसो गर्नुहुँदैन । अल्लाहलाई झुठो भनेको: अल्लाहले तिनीहरूलाई जसरी पहिलो पटक शून्यबाट सृष्टि गर्नुभयो त्यस्तै मृत्यु पछि पुनः सृष्टि गर्नुहुने छैन भनेर दाबी गर्नु हो । त्यसैले उहाँले तिनीहरूको खण्डन गर्दै जवाफ दिनुभयो : शून्यबाट सृष्टि गर्नेले पुनः सृष्टि गर्न सक्षम छ, बरु यो त झन् सजिलो छ । तर अल्लाहको लागि सृष्टि र मृत्यु पछि पुनः सृष्टि गर्नु दुवै समान हुन्, किनभने अल्लाह हरेक कुरामा सक्षम हुनुहुन्छ । अल्लाहलाई गाली गर्नुको अभिप्राय: तिनीहरूको भनाइ: उहाँको एउटा छोरा छ, त्यसैले उहाँले तिनीहरूलाई जवाफ दिनुभयो: उहाँ एक्लै हुनुहुन्छ, उहाँ आफ्नो नाम, गुण र कर्महरूमा अद्वितीय हुनुहुन्छ, उहाँ हरेक कमी र दोषबाट मुक्त हुनुहुन्छ, उहाँ निरपेक्ष हुनुहुन्छ, जसलाई कसैको आवश्यकता पर्दैन तर सबैलाई उहाँको आवश्यकता छ । उहाँ नत कसैबाट जन्मिनुभएको हो, न कोही उहाँबाट जन्मेको छ र उहाँको बराबर कोही छैन ।

https://sunnah.global/hadeeth/ne/show/6327